| प्र.नं. | प्रस्ताव | नि.नं. | निर्णय |
|---|---|---|---|
| १ | घुमाउनेताल जिरो कि.मी. वाट रघुगंगा हाइड्रोपावरको डयामसम्म रघुगंगा हाइड्रोपावरले वाटो स्तरोन्नती गर्ने सम्वन्धमा । | १ | घुमाउनेताल जिरो कि.मी. देखि दग्नाम र झीं जाने चोक हुँदै डयामसाइडसम्म आवश्यक भएको ठाउँमा ड्रेन, कल्भर्ट, मेशिनरी वाल, ह्युमपाईप, स्टयाण्डर्ड वमोजिमको ग्राभेल रघुगंगा हाइड्रोपावरले गर्ने । |
| २ | वाटो पिच गर्ने सम्वन्धमा । | २ | घुमाउनेताल जिरो कि.मी. देखि दग्नाम र झीं जाने चोकसम्म निर्माण व्यवसायी जयप्रकाश एसोसिट्स लि. ले रघुगंगा हाइड्रोपावर लि. लाई हस्तान्तरण भएपश्चात DBST पिच रघुगंगा गाउँपालिकामा हाल निर्माणाधिन आयोजनाहरुले गर्ने । यस कार्यका लागि रघुगंगा हाइड्रोपावर लि. ले ८० प्रतिशत र यस गाउँपालिकामा हाल निर्माणाधिन अन्य आयोजनाहरुले क्षमताका आधारमा वाँकी २० प्रतिशत लागत (सम्झौता रकम) भुक्तानी गर्ने । यस कार्यको लागत इस्टिमेट गाउँपालिकावाट हुने र सवै हाल निर्माणाधिन आयोजनाहरुले सो कार्यको वजेट रकम पिच हुने सम्वन्धित आयोजनाको नाममा गाउँपालिकाले तोकेको गाउँपालिकाको वैंक खातामा जम्मा गर्ने र टेण्डर मार्फत गाउँपालिकाले सो कार्य सम्पन्न गराउने । |
| ३ | दग्नाम र झीं जाने चोकदेखि पात्लेखर्कसम्मको मोटरवाटो स्तरोन्नती गर्ने सम्वन्धमा । | ३ | दग्नाम र झीं जाने चोकदेखि पात्लेखर्कसम्मको मोटरवाटो स्तरोन्नती गर्नका लागि हाल चिमखोलामा करिव १ करोड २५ लाख वरावरको लागत र दवाङ भिर तथा अजिङ्गर भिरमा करिव ६७ लाख वरावरको लागतमा स्तरोन्नती कार्य भइरहेको र सो स्थान वाहेक अन्य स्थानमा यस आ.व. को अन्तिम (२०८२ असार मसान्त) सम्म रघुगंगा गाउँपालिकामा हाल निर्माणाधिन आयोजनाहरुमध्ये तुँदी पावर, संयुक्त उर्जा र ठूलोखोला हाइड्रोपावर लि. ले एकमुष्ट १ करोड ५० लाख रुपैयाँ वरावरको रकम गाउँपालिकाको स्थान सिफारिसमा आयोजनाले सम्पन्न गराई सम्वन्धित निर्माण कम्पनीलाई भुक्तानी गर्ने । यस खण्डमा आवश्यक ठाउँमा ढलान, नाली, साइड ड्रेन, कल्भर्ट, मेशिनरी वाल, ह्युमपाईप, ग्राभेल, ग्याभिन जाली सहितको सडक संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका र हाल निर्माणाधिन आयोजनाहरु मिलि क्रमिक रुपमा स्तरोन्नती गर्ने । |

| | | | |
|---|---|---|---|
| ४ | खानेपानी र सिंचाई सम्वन्धमा । | ४ | रघुगंगा हाइड्रोपावर लि. का निर्माण व्यवसायी श्री जयप्रकाश एसोसियट्स लि. ले पावरहाउसदेखि सरसाफ्टसम्म पम्पिङ लिफ्टवाट पानी लिफ्टिङ गरिएको मोटर तथा पाइपलाईन आयोजना सम्पन्न भएपश्चात वडा नं. ३ पिप्ले वासीलाई हस्तान्तरण गर्न रघुगंगा हाइड्रोपावर लि. ले पहल गर्ने । उक्त लिफ्टिङ हस्तान्तरण हुन नसकेमा अन्य विकल्पहरु पहिचान गरी कार्यान्वयन गर्ने । साथै गाउँपालिकाले स्रोत व्यवस्थापन गरेको अवस्थामा वडा नं. ३ र ४ का प्रभावित क्षेत्रमा खानेपानीको व्यवस्था गर्न सहयोग गर्ने । तुंदी जलविद्युत कम्पनी (दुवै आयोजना) ले पनि गाउँपालिकाले स्रोत व्यवस्थापन गरेको खण्डमा २५ लाख सम्मको खानेपानी आयोजना सम्पन्न गर्ने । |
| ५ | ढाँडखर्कदेखि औल हुँदै पाखापानी कमानतसम्म र ढाँडखर्कदेखि झीं माइथानसम्मको मोटरवाटो स्तरोन्नती सम्वन्धमा । | ५ | ढाँडखर्कदेखि औल हुँदै पाखापानी कमानतसम्म ड्रेन, कल्भर्ट, मेशिनरी वाल, ह्युमपाईप, स्टयाण्डर्ड वमोजिमको ग्राभेल, ग्याभिन जाली सहितको सडक स्तरोन्नती र ढाँडखर्कदेखि झीं माइथानसम्म ड्रेन, कल्भर्ट, मेशिनरी वाल, ह्युमपाईप, स्टयाण्डर्ड वमोजिमको ग्राभेल, ग्याभिन जाली सहितको सडक स्तरोन्नती गर्ने । सो कार्यका लागि हाल निर्माणाधिन आयोजनाहरुमध्ये तुंदी पावर, संयुक्त उर्जा र ठूलोखोला हाइड्रोपावर लि. ले एकमुष्ट ५० लाख रुपैयाँ वरावरको चालु आ.व. २०८१।८२ मा गाउँपालिकाको स्थान सिफारिस साथै स्टिमेट र भुक्तानी सिफारिसका आधारमा झीं र पाखापानीमा २५/२५ लाख रुपैयाँको कार्य सम्पन्न हुने गरी आयोजना सम्पन्न गराई सम्वन्धित निर्माण कम्पनीलाई जलविद्युत कम्पनीले भुक्तानी गर्ने । |
| ६ | सामाजिक उत्तरदायित्वको वजेट रकम सम्वन्धमा । | ६ | सामाजिक उत्तरदायित्व अन्तर्गत गर्नुपर्ने भुक्तानी अव उप्रान्त वडा र गाउँपालिकाको संयुक्त सिफारिसमा सामाजिक उत्तरदायित्वमा रहेको बजेटको परिधि भित्र रहि कार्यान्वयन गर्ने । |
| ७ | स्थायी रुपमा शिक्षक उपलव्ध गराउने सम्वन्धमा । | ७ | आयोजनावाट प्रभावित वडाका गाउँपालिकाले सिफारिस गरेका विद्यालयहरुमा आयोजना सम्पन्न हुने समयसम्म उपलब्ध गराउँदै आएका शिक्षक/रकम निरन्तर उपलब्ध गराउने र आयोजना सम्पन्न भएपश्चात आयोजना र गाउँपालिकाको समन्वयमा छलफल गरी आवश्यक निर्णय गर्ने । |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ८ | आयोजनाहरुको शेयर स्थानीयलाई उपलब्ध गराउनुपर्ने सम्वन्धमा । | ८ | आयोजनाले प्रभावित क्षेत्रका बासिन्दालाई कानून वमोजिम शेयर उपलब्ध गराउनुपर्ने र सो को क्षेत्र निर्धारण गाउँपालिकाले गर्ने । साथै आयोजनाले गाउँपालिकाका सम्पूर्ण वडाहरुमा गई गाउँपालिकाको समन्वयमा शेयर प्रशिक्षण दिने । |
| ९ | रघुघाट सल्लेरी वन उपभोक्ता समितिको सभाहल निर्माण सम्वन्धमा । | ९ | रघुघाट सल्लेरी वन उपभोक्ता समितिको लागि एक सभाहल निर्माण गर्न प्राविधिक स्टिमेट वमोजिम आउने रकम (रु. ६७ लाख) यस गाउँपालिकाभित्र हाल निर्माणाधिन पाँच जलविद्युत आयोजनाहरुले प्रति मे.वा. हुन आउने रकम साझेदारीमा उपलब्ध गराउने । |
| १० | घरगोठ तथा जग्गाको क्षतिपूर्ति सम्वन्धमा । | १० | आयोजना निर्माणको क्रममा क्षति भएका घरगोठ तथा जग्गाको क्षतिपूर्ति मूल्याङ्कन पश्चात सम्वन्धित आयोजना कम्पनीले सम्वन्धित घरधनी तथा जग्गाधनीहरुलाई उपलब्ध गराउने । घरधनी तथा जग्गाधनीहरु विदेशमा रहि सम्पर्कमा नआएको खण्डमा गाउँपालिकाको सिफारिस र सम्वन्धित घरधनी तथा जग्गाधनीले ईच्छाएको व्यक्तिलाई भुक्तानी दिने व्यवस्था मिलाउने । |

निर्णयमा हस्ताक्षर गर्ने,

श्री खम वहादुर गर्वुजा (खम्बिर), संघीय सांसद, म्याग्दी

श्री हरि वहादुर भण्डारी, प्रदेश सभा सदस्य

श्री भव वहादुर भण्डारी, अध्यक्ष, रघुगंगा गाउँपालिका

श्री गणेश के.सी., प्रवन्ध सञ्चालक, रघुगंगा हाइड्रोपावर लि.

श्री इन्द्र प्रसाद ढकाल, महाप्रवन्धक, तुँदी पावर लि.

श्री गोपाल प्रसाद निउरे, प्रवन्ध सञ्चालक, संयुक्त उर्जा लि.

श्री प्रदिप खतिवडा, वित्त प्रमुख, ठूलोखोला हाइड्रोपावर लि.

श्री चेतनारायण भण्डारी, प्रमुख प्रशासकीय अधिकृत, रघुगंगा गाउँपालिका

Scanned with CamScanner